# बेनी नगरपालिका

# दलित छात्रवृत्ति कार्यान्वयन कार्यविधि, २०७७

प्रमाणिकरण मितिः २०७७।०२।२९

बेनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बेनी, म्याग्दी

# दलित छात्रवृत्ति कार्यान्वयन कार्यविधि, २०७७

**प्रस्तावना**

नेपाल सरकारको संविधान प्रदत्त मौलिक हकको रुपमा रहेको सबैका लागि शिक्षा कार्यान्वयन गर्न, विद्यालय बाहिर रहेका बालबालिकाको विद्यालयमा पहुँच बढाउन तथा सबै बालबालिकालाई टिकाई राख्न र गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि विद्यालय जाने उमेरका लक्षित समूहका बालबालिकाहरुलाई छात्रवृत्ति उपलब्ध गराउने उद्देश्यले नेपाल सरकारको संविधान प्रदत्त स्थानीय तहको एकल अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) ज (१६) मा उल्लेखित स्थानीय तहको शिक्षा सम्बन्धी अधिकार तथा बेनी नगरपालिकाको शिक्षा ऐन, २०७४ को दफा १८ उपदफा ५ को व्यवस्थालाई कार्यान्वयन गर्न बान्छनिय भएकोले बेनी नगरपालिकाको शिक्षा ऐन, २०७४ को दफा ४० उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बेनी नगर कार्यपालिकाको बैठकले "दलित छात्रवृत्ति कार्यान्वयन कार्यविधि, २०७७" जारी गरेको छ ।

परिच्छेद १

१. **संक्षिप्त नाम र प्रारम्भ**

१.१ यो कार्यविधिको नाम "दलित छात्रवृत्ति कार्यान्वयन कार्यविधि, २०७७" रहनेछ ।

१.२ कार्यविधि स्वीकृत भए पश्चात् यो कार्यविधि कार्यान्वयनमा आउनेछ ।

१.३ यो कार्यविधि बेनी नगरपालिकाका सामुदायिक विद्यालयहरुको हकमा लागू हुनेछ ।

२. **परिभाषा:** विषय र प्रसंगले अर्को अर्थ नलागेमा,

लक्षित वर्ग भन्नाले बेनी नगरपालिकाका सामुदायिक माध्यमिक विद्यालयहरुमा अध्ययन गरी माध्यमिक शिक्षा उत्तिर्ण परीक्षा (कक्षा १०) मा उत्कृष्ट जि.पि.ए. सहित सफल हुने दलित छात्रछात्राहरुलाई जनाउनेछ ।

परिच्छेद २

विपन्न लक्षित छात्रवृत्तिका उद्देश्यहरु

३. उद्देश्यहरु

यस कार्यविधि कार्यान्वयनका उद्देश्यहरु देहाय अनुसार रहेको छ :

क) माध्यमिक तहमा तोकिएको आधारमा लक्षित वर्गका विद्यार्थी पहिचान गरी छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाउने ।

ख) उच्च शिक्षा अध्ययन गर्न उनीहरुलाई प्रोत्साहन गर्ने ।

परिच्छेद ३

छात्रवृत्ति सम्बन्धी व्यवस्था

४. **विद्यार्थी छनौट प्रक्रिया:** माध्यमिक शिक्षा उत्तिर्ण परीक्षा (कक्षा १०) उत्कृष्ट जि.पि.ए. सहित सफल हुने दलित छात्रछात्राहरुको ग्रेडसिटको विश्लेषणबाट विद्यार्थी छनौट गरिनेछ ।

५. **छात्रवृत्ति रकम:** विद्यालयमा अध्ययनरत लक्षित वर्गका विद्यार्थीहरुलाई विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति प्रदान गर्ने नीति नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरी तोकिएको रकम नै छात्रवृत्ति वितरणको रकम हुनेछ । विनियोजित बजेटको उपलब्धताको आधारमा र माध्यमिक शिक्षा उत्तिर्ण परीक्षा (कक्षा १०) उत्कृष्ट जि.पि.ए. सहित सफल भई छनौट भएका विद्यार्थीहरुलाई वार्षिक रुपमा प्रत्येक वर्ष रु ५००००।०० (अक्षेरुपि पचास हजार रुपैयाँ) का दरले छात्रवृत्ति उपलब्ध गराइनेछ ।तर जि.पि.ए. बराबर भए जि.पि.ए. जुधेमा औसत रकम निकाली दामासाहीले छात्रवृत्ति वितरण गरिनेछ ।

६. **छात्रवृत्ति प्राप्त गर्न निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

क) हस्तलिखित निवेदन

ख) विद्यार्थि अध्ययनरत सम्बन्धित विद्यालयको कक्षा ११ मा अध्ययनरत रहेको सिफारिस पत्र

ग) विद्यार्थीको बैङ्क खाता नम्बर

घ) ग्रेड सिटको प्रतिलिपि

७. **छात्रवृत्ति रकम निकाशा:** निवेदनको छानविन शिक्षा, युवा खेलकुद शाखाबाट हुनेछ । शिक्षा, युवा तथा खेलकुद शाखाबाट सिफारिस भई आए पछि विद्यार्थीको बैङ्क खातामा तोकिएको रकम निकाशा दिइनेछ । उक्त रकमलाई कक्षा ११ मा अध्ययनमा खर्च गर्नु पर्नेछ ।